# तेह्रौं निजामती सेवा दिवस,

# २०७३

# प्रतिवेदन

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

**निजामती सेवा दिवस, व्यवस्थापन सचिवालय**

# निजामती सेवा दिवस, २०७३ सम्बन्धी प्रतिवेदन

## पृष्ठभूमिः

नेपालमा वि.सं. २०१३ भाद्र २२ गते "नेपाल निजामती सेवा ऐन, २०१३" जारी भएकोमा सो दिनलाई अवसर पारेर वि.सं. २०६१ देखि हरेक वर्ष भाद्र २२ गतेलाई निजामती सेवा दिवसको रुपमा मनाउन थालिएको हो । निजामती सेवा दिवसलाई विभिन्न कार्यक्रमहरुको आयोजना गरी भब्यताका साथ मनाउने उद्धेश्यले भाद्र २२ गतेका दिन निजामती कर्मचारीहरुको लागि सार्वजनिक विदा समेत दिने गरिएको छ । विगतका वर्षहरुमा जस्तै यस वर्ष समेत निजामती सेवा दिवसलाई भब्यताका साथ मनाउने सन्दर्भमा विभिन्न किसिमका प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना, प्रभातफेरी, पुरस्कार तथा सम्मान प्रदान लगायतका विविध कार्यक्रमहरु गरी तेह्रौं निजामती सेवा दिवस, २०७३ हालै सम्पन्न भएको छ । नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा गठित मूल समारोह समितिको नेतृत्वमा मुलुकभर निजामती सेवा दिवसलाई सफल बनाउने प्रयास भएको थियो । यसै सन्दर्भमा निजामती सेवा दिवस समारोह समितिलाई सहयोग गर्न सामान्य प्रशासन मन्त्रालयमा योजना तथा जनशक्ति विकास महाशाखाका सहसचिव श्री नीता पोखरेल अर्यालको संयोजकत्वमा छ सदस्यीय निजामती सेवा दिवस व्यवस्थापन सचिवालय गठन गरिएको थियो ।

## निजामती सेवा दिवस, मूल समारोह समिति (२०७३)

निजामती सेवा नियमावली, २०५० को नियम ११६ख. को उपनियम (१) मा प्रत्येक वर्षको भाद्र २२ गते निजामती सेवा दिवस मनाइने व्यवस्था उल्लेख गरिएको छ । उक्त नियमको उपनियम (२) मा निजामती सेवा दिवस मनाउनको लागि नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा निजामती सेवा दिवस समारोह समितिको गठन गरिने व्यवस्था गरिएको छ । त्यसैगरी उपनियम (३) मा उक्त समितिको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने उल्लेख छ । नियमावलीको उक्त व्यवस्था बमोजिम यस वर्षको निजामती सेवा दिवस मनाउनको लागि नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा सबै मन्त्रालय/निकायका सचिवहरु रहेको निजामती सेवा दिवस समारोह समितिको २०७३ साउन २३ गते बसेको बैठकबाट नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीको अध्यक्षतामा विभिन्न मन्त्रालय/निकायका सचिवहरु समेत रहेको १७ सदस्यीय मूल समारोह समिति गठन गरिएको थियो ।

यसका साथै समारोह समितिको बैठकबाट देहाय अनुसारका निर्णयहरु भएका थिए:

**निर्णयहरु:**

१. २०७३ साल भाद्र २२ गते विविध कार्यक्रमका साथ निजामती सेवा दिवस भव्यतापूर्वक मनाउने ।

२. सो प्रयोजनका लागि देहाय बमोजिम मूल समारोह समिति, विभिन्न उपसमितिहरु गठन गरी उपसमितिको कार्यक्षेत्र स्वीकृत गर्ने ।

३. प्रत्येक उपसमितिले आफ्नो कार्यक्रम, त्यसको लागि आवश्यक पर्ने बजेट (गत वर्षको खुद खर्चमा नबढ्ने गरी), कार्यक्रम स्थल र समय समेत निश्चित गरी मूल समारोह समिति तथा कार्यक्रम संयोजन उपसमिति समक्ष ७ दिन भित्रमा पेश गर्ने ।

४. कार्यक्रम संयोजन उपसमितिलेअन्य उपसमितिहरुबाट प्राप्त कार्यक्रमहरुलाई एकिकृत गरी तीन दिन भित्र मूल समारोह समितिको बैठकमा पेश गर्ने ।

५. सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त हुन आएका नाराहरु मध्येबाट आगामी निजामती सेवा दिवसका लागि कार्यक्रम उपसमितिले नारा छनौट गरी मूल समिति समक्ष पेश गर्ने ।

६. निजामती सेवा दिवसको अवसरमा आयोजना गरिने खेलकुदका कार्यक्रम तथा आयोजना गरिने मिति, समय र स्थान युवा तथा खेलकुद मन्त्रालयबाट तय गरी सोही मन्त्रालयलाई यस बर्ष विनियोजन भएको बजेटबाट सञ्चालन गर्ने ।

७. निजामती सेवा पुरस्कारका लागि हालसम्म सिफारिस सूची प्राप्त नभएका केन्द्रीय निकायहरुमा 2073 साउन मसान्त भित्र  सिफारिस सूची पठाउन पुनः अनुरोध गर्ने ।

८. निजामती सेवा दिवस अगावै संघीयता कार्यान्वयन र प्रशासनिक पुनर्संरचना बिषयमा उच्चस्तरिय बृहद अन्तरक्रीया तथा छलफल कार्यक्रम आयोजना गर्ने ।

९. निजामती सेवा दिवसको अवसरमा आयोजना गरिने संभावित साँस्कृतिक कार्यक्रमहरुको खाका तयार गरी आगामी बैठकमा पेश गर्ने ।

१०. रेडियो, टि.भी. हरुबाट परिसम्बाद गर्ने ।

११. निजामती सेवा दिवसको अवसरमा देहायका मन्त्रालयहरुको संयोजनमा देहाय बमोजिमका कार्यक्रमहरु मन्त्रालयकै बार्षिक बजेटबाट संचालन गर्ने गरी कार्यक्रम तय गरी कार्यक्रम संयोजन उपसमिति समक्ष ७ दिन भित्रमा पेश गर्ने-

   क. वन तथा भूसंरक्षण मन्त्रालयले वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ,

   ख. स्वास्थ्य मन्त्रालयले रक्तदान र स्वास्थ्य शिविर सञ्चालन गर्ने,

ग. सहरी विकास मन्त्रालयले सिंहदरवार परिसर सरसफाई कार्यक्रम गर्ने,

घ. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै जिल्ला विकास समिति र सबै नगरपालिकाहरु संयोजन गरि सरसफाई कार्यक्रम संचालन गर्ने,

## <u>निजामती सेवा दिवस मनाउने प्रयोजनार्थ गठित मूल समारोह समिति एवं उपसमितिहरु</u>

### १ निजामती सेवा दिवस मूल समारोह समिति

| | |
|---|---|
| क. मुख्य सचिव, नेपाल सरकार | – अध्यक्ष |
| ख. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| ग. सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| घ. सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ङ. सचिव, गृह मन्त्रालय | - सदस्य |
| च. सचिव, सूचना तथा संचार मन्त्रालय | - सदस्य |
| छ. सचिव, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| ज. सचिव, स्वास्थ्य मन्त्रालय | - सदस्य |
| झ. सचिव, वन तथा भू–संरक्षण मन्त्रालय | - सदस्य |
| ञ. सचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| ट. सचिव, संघीय मामिला तथा स्थानीय विकासमन्त्रालय | - सदस्य |
| ठ. सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |
| ड. अध्यक्ष, कार्यकारी परिषद, सेवा निवृत्त विशिष्ट श्रेणीका कर्मचारीको संयन्त्र | - सदस्य |
| ढ. अध्यक्ष, पूर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| ण. अध्यक्ष,सेवानिवृत्त राष्ट्र सेवक संघ नेपाल | -सदस्य |
| त. अध्यक्ष,आधिकारिक ट्रेड युनियन | - सदस्य |
| थ. सचिव, सामान्य प्रशासन मन्त्रालय | –सदस्य सचिव |

### मूल समारोह समितिको कार्य क्षेत्र

१ उपसमितिहरुको कार्यक्रमहरुको स्वीकृति

२ सबै उपसमितिहरुको कार्यक्रमहरुको समन्वय एवं अनुगमन

३ समितिले आवश्यक ठानेका अन्य कार्यहरु

## २ निजामती सेवा दिवस कार्यक्रम संयोजन उपसमिति

| | |
|---|---|
| क. सचिव, सामान्य प्रशासन मन्त्रालय | – संयोजक |
| ख. सचिव अर्थ मन्त्रालय | - सदस्य |
| ग. सचिव , युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| घ. सचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| ङ. सचिव, स्वास्थ्य मन्त्रालय | - सदस्य |
| च. सचिव, वन तथा भू–संरक्षण मन्त्रालय | - सदस्य |
| छ. सचिव, सूचना तथा संचार मन्त्रालय | - सदस्य |
| ज. सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |
| झ. सचिव, संघीय मामिला तथा स्थानीय विकासमन्त्रालय | - सदस्य |
| ञ. अध्यक्ष, कार्यकारी परिषद, सेवा निवृत्त विशिष्ट श्रेणीका कर्मचारीको संयन्त्र | - सदस्य |
| ट. अध्यक्ष, पूर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| ठ. अध्यक्ष,सेवानिवृत्त राष्ट्र सेवक संघ नेपाल | -सदस्य |
| ड. अध्यक्ष,आधिकारिक ट्रेड युनियन | – सदस्य |
| ढ. सहसचिव, सामान्य प्रशासन मन्त्रालय | –सदस्य सचिव |

### कार्यक्रम संयोजन उपसमितिका कार्य क्षेत्र

१ निजामती सेवा दिवस मनाउने क्रममा संचालन गरिने कार्यक्रमहरु तयार गरी मूल समारोह समितिबाट स्वीकृत गरी कार्यान्वियन गर्ने गराउने ।

२ समारोह कार्यक्रमको निमन्त्रणा कार्ड तयार गर्ने, वितरण गर्ने ।

३ निजामती सेवा दिवसको नारा तय गर्न मूल समारोह समितिमा पेश गर्ने ।

४ पुरस्कार वितरणको व्यवस्थापन गर्ने ।

५ २०७३ भाद्र १८ गते शनिवार बागमती सरसफाई कार्यक्रम संचालन गर्ने ।

६ २०७३भाद्र २२ गते प्रभात फेरी कार्यक्रम आयोजना गर्ने ।

७ सेवा निवृत कर्मचारीहरुलाई सम्मान गर्ने प्रयोजनको लागि सेवा निवृत कर्मचारी छनौट गरी सिफारिस गर्ने ।

८ समारोह कार्यक्रमको व्यवस्थापन गर्ने ।

९ शिक्षा मन्त्रालय, कानुन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा संघीयता सम्बन्धी निबन्ध प्रतियोगिता संचालन गर्ने ।

१० निजामती कर्मचारी अस्पताल विकास समिति र स्वास्थ्य मन्त्रालयको संयोजकत्वमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

११ निजामती सेवा दिवस मनाउन आवश्यक पर्ने वजेटको व्यवस्था गर्ने ।

**३ निजामती सेवा दर्पण (स्मारिका) प्रकाशन उपसमिति**

| | |
|---|---|
| क. सचिव, सूचना तथा संचार मन्त्रालय | – संयोजक |
| ख. सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | – सदस्य |
| ग. सहसचिव, लोक सेवा आयोग | – सदस्य |
| घ. सहसचिव, राष्ट्रिय सूचना आयोग | – सदस्य |
| ङ. महानिर्देशक, मुद्रण विभाग | – सदस्य सचिव |

**निजामती सेवा दर्पण (स्मारिका) प्रकाशन उपसमितिको कार्यक्षेत्र**

१ निजामतीसेवा दर्पण (स्मारिका), २०७२ प्रकाशन गर्ने ।

**४. निबन्ध प्रतियोगिता संचालन उपसमिति**

| | |
|---|---|
| क. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| ख. सहसचिव, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ग. सहसचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| घ. सहसचिव, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| ङ. सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य सचिव |

**निबन्ध प्रतियोगिता संचालन उपसमितिको कार्यक्षेत्र**

१. संघीयता, निजामती सेवा र सेवा प्रवाह सँग सम्बन्धित निबन्ध प्रतियोगिता सञ्चालन गर्ने ।

५. साँस्कृतिक कार्यक्रम संचालन उपसमिति

| | | |
|---|---|---|
| क) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - संयोजक |
| ख) | सहसचिव, सूचना तथा संचार मन्त्रालय | - सदस्य |
| ग) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| घ) | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य सचिव |

**साँस्कृतिक कार्यक्रम संचालन उपसमितिको कार्यक्षेत्र**

१. साँस्कृतिक कार्यक्रमहरु संचालन गर्ने ।

**अन्य कार्यहरु**

मूल समारोह समिति र विभिन्न उपसमितिहरुको काममा सघाउ पुर्याउन देहाय वमोजिम पदाधिकारीलाई जिम्मेवारी तोक्ने ।

| सि.नं. | पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | सचिव, गृह मन्त्रालय | मूल समारोह कार्यक्रमको सुरक्षा, ट्राफिक व्यवस्थापन |
| २ | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | १. संचार प्रचार प्रसार<br>२. मूल समारोहमा उपस्थित हुने पत्रकारको सूची उपलब्ध गराउने |
| ३ | सचिव, सामान्य प्रशासन मन्त्रालय | १. स्मारिका विमोचन एवं मूल समारोह समितिको समग्र कार्यक्रम सम्वन्धी कामहरुको समन्वय |

मूल समारोह समितिको मिति २०७३ भाद्र ७ मा बैठक बसी देहाय अनुसारका थप निर्णयहरु समेत गरेकोः

१. निजामती सेवा दिवस, निजामती कर्मचारीहरुको महत्वपूर्ण उत्सव भएकाले यस दिवसलाई केन्द्र तथा जिल्ला स्तरमा भव्य रुपमा मनाउने। निजामती सेवा दिवसका अवसरमा आयोजना हुने सबै कार्यक्रमहरुमा सबै कर्मचारीहरुको उपस्थिति गराउनुका साथै निजामती सेवाका आधिकारिक ट्रेड युनियन तथा राष्ट्रिय स्तरका ट्रेड युनियहरुलाई समेत उक्त कार्यक्रमहरुमा सहभागी गराउने।
२. देहाय बमोजिमको कार्यक्रमको तालिका स्वीकृत गर्ने ।

क) मिति २०७३।०५।१७ गतेको कार्यक्रम

- मिति २०७३।०५।१७ गते दिनको १:०० बजे सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा राजनीति र प्रशासन वीचको अन्तर सम्बन्ध विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।
- मिति २०७३।०५।१७ गते विहान ११:०० बजे स्वास्थ्य मन्त्रालयले रक्तदान कार्यक्रम सामान्य प्रशासन मन्त्रालयको प्राङ्गणमा र सोही मितिमा स्वास्थ्य सिविर कार्यक्रम काभ्रे पलाञ्चोक जिल्लामा आयोजना गर्ने।
- युवा तथा खेलकुद मन्त्रालयले मिति २०७३।०५।१७ गते विहान ८:०० बजे निजामती कर्मचारीहरु वीच ८०० मिटर दौड प्रतियोगिता आयोजना गर्ने। (पुरुष र महिला दुवैको छुट्टा छुट्टै)

ख) मिति २०७३।०५।२० गतेको कार्यक्रम

- युवा तथा खेलकुद मन्त्रालयले मिति २०७३।०५।२० गते बेलुका ४:०० बजे मुख्य सचिव vs आधिकारिक ट्रेड युनियन वीच फुटबल आयोजना गर्ने।

ग) मिति २०७३।०५।२१ गतेको कार्यक्रम

- मिति २०७३।०५।२१ गते विहान ७:०० बजे वन तथा भूसंरक्षण मन्त्रालयले पुरानो सिनामंगल (पेप्सीकोला) को लगभग ३ रोपनी सार्वजनिक जग्गामा वृक्षारोपण कार्य गर्ने।
- मिति २०७३।०५।२१ गते शहरी विकास मन्त्रालयको संयोजनमा सिंहदरबार परिसरमा सरसफाई कार्यक्रम गर्ने।
- मिति २०७३।०५।२१ गते नेपाल टेलिभिजनबाट परिसम्बाद कार्यक्रम प्रसारण गर्ने।

घ) मिति २०७३।०५।२२ गतेको कार्यक्रम

- मिति २०७३।०५।२२ गते विहान ६:३० बजे अन्तर सम्बाद रेडियो नेपालबाट प्रशारण गर्ने।
- मिति २०७३।०५।२२ गते विहान ७:०० बजेको समाचार भन्दा अघि सम्माननीय प्रधानमन्त्रीज्यूको रेडियो सन्देश प्रशारण गर्ने।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै जिल्ला विकास समिति र महा नगरपालिका, सबै उप महानगरपालिका र सबै नगरपालिकालाई संयोजन गरी भाद्र २२ गते विहान ७:०० बजे नगर सफाइ गर्ने।
- मिति २०७३।०५।२२ गते विहान ७:०० बजे भृकुटी मण्डप, प्रर्दशनी मार्गमा भेला भई ७:३० बजे प्रभातफेरीको अग्र पंक्तिमा व्याण्ड बाजाको व्यवस्था गरी शहर परिक्रमा गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थिति हुने मूल समारोहको कार्यक्रममा सहभागी हुने।

- मिति २०७३।०५।२२ गते निजामती सेवा दिवस मूल समारोह कार्यक्रम सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा विहान ९:०० बजे देखि आयोजना गर्ने।
- मिति २०७३।०५।२२ गतेको गोरखापत्रमा शुभकामना प्रकाशन गर्ने। (सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्री, सामान्य प्रशासन मन्त्रालय, मुख्य सचिव, नेपाल सरकार तथा सचिव , सामान्य प्रशासन मन्त्रालय)

३. सेवा निवृत्त राष्ट्रसेवक संघले "निजामती सेवा दिवस" विषयमा झापा, रौतहट, नुवाकोट, लमजुङ्, दाङ्, सल्यान र बझाङ्गमा वक्तृत्व कला प्रतियोगिता गर्न पेश गरेको प्रस्ताव स्वीकृत गर्ने।

४. निवन्ध प्रतियोगिता संचालन उप समितिको संयोजक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवज्यूले सो उपसमितिको कार्यक्रम स्वीकृतिका लागि मूल समारोह समितिको बैठकमा पेश गर्ने।

५. निजामती सेवा दिवस व्यवस्थापन सचिवालयबाट व्यवस्था गरिएको नेपालको झण्डा सहितको निजामती सेवा उल्लेख भएको व्याच प्रभातफेरीमा सहभागी हुने कर्मचारीहरुको हाजिरीको आधारमा वितरण गर्न सम्बन्धित केन्द्रिय निकायको निजामती सेवा दिवस कार्यक्रमको सम्पर्क व्यक्ति मार्फत उपलब्ध गराउने।

६. पाँच वटै विकास क्षेत्रमा क्षेत्रीय प्रशासकको संयोजकत्वमा र सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा निजामती सेवा दिवस कार्यक्रम संयोजन समिति गठन गरी निजामती सेवा दिवस भव्यताकासाथ मनाउनका लागि परिपत्र गर्न गृह मन्त्रालयमा लेखी पठाउने।

७. निजामती सेवा दिवस २०७३ को नारा र अन्य कार्यक्रम अर्को बैठकमा पेश गर्ने।

८. निजामती सेवा दिवस कार्यक्रमको स्वीकृत विनियोजित बजेट रु १० (दश) लाखले कार्यक्रम आयोजना गर्न अपुग हुने हुदाँ देहाय बमोजिमको कार्यक्रम गर्नका लागि अपुग हुने रकम रु. २९ (उनान्तीस) लाख अर्थ मन्त्रालयले थप बजेट व्यवस्था गरी सामान्य प्रशासन मन्त्रलायलाई निकासा गरी दिन अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

त्यसैगरी मूल समारोह समितिको मिति २०७३ भाद्र १३ मा बसेको अर्को बैठकबाट देहाय अनुसारका थप निर्णयहरु गरिएको थियो:

१) निजामती सेवा दिवस, २०७३ को मूल नारा "सेवामैत्री प्रशासन - संघीयतामा सुशासन" स्वीकृत गर्ने।

२) मूल समारोह कार्यक्रममा सहभागीहरुले अनिवार्य रुपमा तोकिएको ड्रेश कोड लगाउने।

३) देहाय बमोजिमको कार्यक्रम तालिका स्वीकृत गर्ने

   क) मिति २०७३।०५।१८ गते शनिबार वाग्मती सफाई कार्यक्रममा सहभागी हुने।

ख) मिति २०७३।०५।१९ गते Bureau -81 बाट १३ औं निजामती सेवा दिवसका अवसरमा मूल समारोह समितिबाट तय गरिएको नारा "सेवामैत्री प्रशासन - संघीयतामा सुशासन" विषयक उच्चस्तरीय प्रवचन तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने।

ग) मिति २०७३।०५।२१ गते सबै सरकारी कार्यालयहरुले आ-आफ्नो कार्यालय र कार्यालय परिसर सरसफाई गर्ने कार्यक्रम संचालन गर्ने।

४) समिति/उपसमितिमा सदस्य सम्बन्धमा

क) निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको अध्यक्ष र निजामती कर्मचारी सम्बद्ध राष्ट्रियस्तरका ट्रेड युनियनहरुको अध्यक्षहरुलाई निजामती सेवा दिवस मूल समारोह समितिको सदस्यमा समावेश गर्ने।

ख) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको अध्यक्ष र निजामती कर्मचारी सम्बद्ध राष्ट्रियस्तरका ट्रेड युनियनहरुको अध्यक्षहरुलाई कार्यक्रम संयोजन उपसमिति लगायतका उपसमितिहरुको सदस्यमा समावेश गर्ने।

५) बजेट व्यवस्था गर्ने सम्बन्धमा

क) निजामती सेवा दिवस २०७३ को कार्यक्रम आयोजना गर्न आधिकारिक ट्रेड युनियनका लागि बजेट विनियोजन भईसकेको छ साथै यस वर्षका लागि राष्ट्रिय स्तरका ट्रेड युनियनहरुलाईसमेत कार्यक्रमको आधारमा गत वर्ष प्रदान गरिएको खर्चको लेखापरीक्षण प्रतिवेदन र यस वर्ष २०७३ भाद्र २२ गते सम्म संचालन गर्ने कार्यक्रम अनुसार गत वर्ष जस्तै प्रत्येक राष्ट्रिय स्तरका ट्रेड युनियनहरुलाई रु २ (दुई) लाखका दरले हुन आउने रु १२ (बाह्र) लाख रकम अर्थ मन्त्रालयले थप बजेट व्यवस्थागरी सामान्य प्रशासन मन्त्रालयलाई निकासा गरी दिन अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

ख) आधिकारिक ट्रेड युनियन एवं राष्ट्रिय स्तरका ट्रेड युनियनहरु लगायत अन्य संघसंस्थाहरुबाट सिफारिस भई आएकामध्ये कम्तिमा ३ जना समावेश गर्ने र अन्य सहित गरी जम्मा ५० जना सेवा निवृत्त कर्मचारीहरुलाई सम्मानित गर्ने ।

मूल समारोह समितले गठन गरेका विभिन्न उपसमितिहरुले समेत आ-आफ्नो क्षेत्रहरुमा सञ्चालन गर्ने क्रियाकलापहरुको लागि आवश्यक निर्णयहरु गरी कार्यक्रमहरु सञ्चालन गरिएका थिए। यसै क्रममा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा निजामती सेवा दिवस कार्यक्रम "संयोजन उपसमिति" गठन भएको थियो । उक्त उपसमितिले भाद्र २२ गतेको प्रभातफेरी कार्यक्रम, पुरस्कार तथा सम्मानपत्र वितरण कार्यको व्यवस्थापन, मूल समारोह कार्यक्रमको व्यवस्थापन, निजामती सेवा दिवसको नारा तय गर्ने लगायतका विभिन्न

जिम्मेवारीहरु पूरा गरेको थियो । यसै उपसमितिको आयोजनामा सामान्य प्रशासन मन्त्रालयमा "**राजनीति र प्रशासन बीचको अन्तरसम्बन्ध**" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहल "प्रचण्ड" को प्रमुख आतिथ्यतामा विभिन्न मन्त्रालयका माननीय मन्त्रीज्यहरु, सबै निकायका सचिवहरु लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा आफ्नो मन्तब्य राख्नुहुँदै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले वादविवाद र छलफलको माध्यमबाट सत्यको अन्वेषण गर्ने कार्य नै अन्तर्क्रिया भएको हुँदा यस्ता कार्यक्रमहरुले राजनीति र प्रशानसन बीच यदाकदा देखिने द्वन्द्वको समाधान गर्नमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा प्रस्तुत भएका मार्मिक बिचारहरु सुन्दा यस्ता कार्यक्रमहरु वर्षको एकपटक होइन विभिन्न पटक गर्नुपर्ने महशुस भएको समेत प्रधानमन्त्रीले बताउनु भयो । एउटै कोठामा बसेर खुला रुपमा गरिएको छलफलले पक्कै पनि सुधारको लागि आधार एवं मार्ग तय गर्न सक्नेमा वहाँको जोड थियो । वहाँले थप्नुभयो, राजनीति र प्रशासनको अन्तर्सम्बन्धको कुरा गर्दा राजनीति नै Deciding Factor हो तर हमेशा भने होइन र प्रशासन विशुद्ध बाहिर पनि होइन । प्रधानमन्त्रीले कर्मचारीतन्त्र Conservative हुने तथा राजनीतिज्ञबाट Anarchism हुने खतरा हुने हुँदा दुबैले यसतर्फ ध्यान दिनुपर्नेमा समेत जोड दिनु भएको थियो ।

कार्यक्रममा आफ्नो मन्तब्य राख्नु हुँदै नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीले जहिले पनि कर्मचारीहरुले Putting People First भन्नेमा ध्यान दिनुपर्ने बताउनु भयो । मुख्यसचिव सुवेदीले राजनीति सेवा हो पेशा होइन भन्दै हामी अहिले Client को होइन Agent को जङ्गलमा फँस्न थालेका छौं भन्नु भयो । कर्मचारीतन्त्रमा पनि कानुनको पालना र सेवाभाव भन्दा Rent Seeking प्रबृत्ति हावी हुन थालेको छ, यसलाई समयमै रोक्ने तर्फ लागौं भन्नु भयो। हामीले हालको Delivery Gap लाई कसरी कम गर्ने भन्नेतर्फ लाग्नु पर्नेमा समेत वहाँले जोड दिनु भयो । उक्त कार्यक्रममा आफ्नो मन्तब्य राख्दै लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले यस्ता कार्यक्रमहरुले नेपालमा राजनीति र प्रशासन बीच देखा पर्ने द्वन्द्वलाई कम गर्न सघाउ पुर्‍याउनेमा जोड दिनु भयो । अन्तरक्रिया कार्यक्रममा माननीय मन्त्रीज्यूहरु, नेपाल सरकारका सचिवहरु, ट्रेड यूनियनका प्रतिनिधिहरु लगायतले आ-आफ्ना धारणाहरु राख्नु भएको थियो।

निजामती सेवा दिवसको अवसरमा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि "**निजामती सेवा दर्पण**" प्रकाशन गर्नको लागि सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा अर्को उपसमिति बनाइएको थियो । उक्त उपसमितिले समयमै निजामती सेवा दर्पणको प्रकाशन कार्य सम्पन्न गरी भाद्र २२ गतेको कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यू एवं माननीय सामान्य प्रशासन मन्त्रीज्यूबाट संयुक्त रुपमा विमोचन गरिएको थियो । यसैगरी निजामती सेवा दिवस, २०७३ को अवसरमा कर्मचारीहरुका बीच निवन्ध प्रतियोगिता सञ्चालन गर्नको लागि

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा **निवन्ध प्रतियोगिता सञ्चालन उपसमिति** गठन गरिएको थियो । उक्त उपसमितिले सञ्चालन गरेको "**सेवामैत्री प्रशासनः संघीयतामा सुशासन**" विषयक निवन्ध प्रतियोगितामा तपसिल अनुसारका कर्मचारीहरुले प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको लागि छनौट हुनु भएको थियोः

- क) पहिलो स्थानः श्री आनन्द पौडेल
- ख) दोस्रो स्थानः श्री मनोज कुमार आचार्य
- ग) तेस्रो स्थानः श्री मनोहर घिमिरे
- घ) सान्त्वना पुरस्कारः श्री अमर बहादुर ओली

निजामती सेवा दिवसकै अवसरमा वन तथा भु-संरक्षण मन्त्रालयको आयोजनामा काठमाण्डौ महानगरपालिकाको पुरानो सिनामङ्गल (पेप्सीकोला) क्षेत्रमा भाद्र २१ गतेका दिन विहान वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो । त्यसैगरी सोही मितिमा सहरी विकास मन्त्रालयको आयोजनामा सिंहदरबार परिसर सरसफाई कार्यक्रम समेत सम्पन्न गरिएको थियो । सरसफाइ कार्यक्रममा निजामती कर्मचारीहरुका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी एवं सशस्त्र प्रहरीको समेत उपस्थिति रहेको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत सबै जिल्ला विकास समिति र नगरपालिकाहरुले संयोजन गरि सरसफाइ कार्यक्रम संचालन गर्न पत्राचार गरिएको थियो । निजामती सेवा दिवसकै अवसरमा स्वास्थ्य मन्त्रालयले रक्तदान तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम रहेकोमा सामान्य प्रशासन मन्त्रालयको प्राङ्गणमा रक्तदान कार्यक्रम भदौ १७ गते आयोजना गरिएको थियो जसमा ३१ कर्मचारीहरुले रक्तदान गर्नु भएको थियो । त्यसैगरी काभ्रेपलाञ्चोक जिल्लाको मेथिनकोटमा निजामती कर्मचारी अस्पताल, बीर अस्पताल र धुलिखेल अस्पतालका चिकित्सकहरुको टोलीबाट "स्वास्थ्य शिविर" सञ्चालन गरिएको थियो ।

निजामती सेवा दिवसकै अवसरमा युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिएका थिए । खेलकुद प्रतियोगिता अन्तर्गत मुख्यसचिव एघार र ट्रेड यूनियन एघारका बीच भाद्र २० गते मैत्रीपूर्ण फुटवल प्रतियोगिताको आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा ट्रेड यूनियन एघार बिजयी भएको थियो । यसैगरी निजामती कर्मचारीहरुका बीच महिला ८०० मीटर तथा पुरुष ८०० मीटर दौडको समेत आयोजना गरिएको थियो । महिला ८०० मीटर दौडतर्फ तपसिल अनुसारका कर्मचारीहरु विजयी हुनु भएको थियोः

- क) पहिलो स्थानः श्री अनिता भूषाल
- ख) दोस्रो स्थानः श्री अमृता भट्टराई

ग)    तेस्रो स्थानः श्री शलिना अर्याल

त्यसैगरी पुरुष ८०० मीटर दौड प्रतियोगितामा निम्नानुसारका कर्मचारीहरु विजयी हुनु भएको थियोः

क)    पहिलो स्थानः श्री शुक्रराज तामाङ्ग

ख)    दोस्रो स्थानः श्री नरेश कार्की

ग)    तेस्रो स्थानः श्री किरण वि.क.

निजामती सेवा दिवसकै अवसर पारेर प्रत्येक वर्ष निजामती कर्मचारीलाई सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार, उत्कृष्ट निजामती सेवा पुरस्कार तथा निजामती सेवा पुरस्कार गरी तीन प्रकारका पुरस्कारहरु तोकिएको संख्यामा प्रदान गर्ने व्यवस्था समेत निजामती सेवा नियमावलीमा रहेको छ । उक्त नियमावलीको नियम ११६क. को उपनियम (१) मा देहाय अनुसारको पुरस्कार दिइने उल्लेख छः

| | **पुरस्कारको नाम** | **रकम रु.** | **संख्या** |
|---|---|---|---|
| क) | सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार | रु. दुई लाख | १ जनालाई |
| ख) | उत्कृष्ट निजामती सेवा पुरस्कार | रु. एक लाख | १० जनालाई |
| ग) | निजामती सेवा पुरस्कार | रु. पचास हजार | ३० जनालाई |

उक्त नियमको उपनियम (१क) मा नेपाल सरकारले निजामती कर्मचारीलाई उपनियम (१) बमोजिमको पुरस्कार प्रदान गर्नको लागि सिफारिश गर्न देहाय बमोजिमको समिति रहने व्यवस्था छः

| | | |
|---|---|---|
| क) | नेपाल सरकारको मुख्यसचिव | - अध्यक्ष |
| ख) | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव | -सदस्य |
| ग) | नेपाल सरकारले तोकेको नेपाल सरकारको कुनै सचिव | -सदस्य |
| घ) | विशिष्ट श्रेणीबाट सेवा निबृत्त कर्मचारीमध्ये नेपाल सरकारले तोकेको व्यक्ति | -सदस्य |
| ङ) | सामान्य प्रशासन मन्त्रालयको सचिव | - सदस्य-सचिव |

उल्लिखत समितिले सम्बन्धित निकाय वा पदाधिकारीबाट सिफारिश भई आएका कर्मचारीहरुमध्ये उक्त नियमावलीको उपनियम (३) मा उल्लेखित विभिन्न आधारहरु समेत पूरा गरेको हुनु पर्ने व्यवस्था गरिएको छ । साथै

समितिले आवश्यक ठानेमा उल्लिखित आधारका अतिरिक्त थप आधारको व्यवस्था गर्न सक्ने व्यवस्था उक्त नियमको उपनियम (३क१) मा गरिएको छ ।

माथि उल्लिखित समितिको कुनै सदस्यको नाम पुरस्कारको लागि सिफारिश भई आएको अवस्थामा पुरस्कारको लागि सिफारिश नभएको नेपाल सरकारको सबै भन्दा वरिष्ठ सचिव समितिको सदस्यको रुपमा रहने व्यवस्था नियमावलीमा रहेको छ । यसैगरी सर्वोत्कृष्ट निजामती सेवा पुरस्कारको सिफारिश गर्नको लागि देहाय अनुसारको छुट्टै समितिको व्यवस्था **निजामती सेवा पुरस्कार सिफारिश तथा छनोट सम्बन्धी कार्यविधि-२०७०** मा गरिएको छः

| | | |
|---|---|---|
| क) | लोक सेवा आयोगको अध्यक्ष | -अध्यक्ष |
| ख) | नेपाल सरकारको मुख्यसचिव | -सदस्य |
| ग) | विशिष्ट श्रेणीबाट सेवा निबृत्त कर्मचारीमध्ये नेपाल सरकारले तोकेको व्यक्ति | -सदस्य |

उल्लिखित समितिले पुरस्कारको लागि सिफारिश गर्दा भौगोलिक रुपले समेत सन्तुलन मिल्नेगरी निजामती कर्मचारीको नाम सिफारिश गर्नुपर्ने व्यवस्था उक्त नियमावलीको नियम ११६क. को उपनियम (३क) मा रहेको छ । यसरी पुरस्कारको लागि सिफारिश गर्दा देहाय अनुसारको कार्यविधि अपनाउनुपर्ने व्यवस्था निजामती सेवा नियमावली, २०५० को अनुसूची १७क१. मा गरिएको छः

**निजामती सेवा पुरस्कारको लागि सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि**

१. निजामती सेवा नियमावली, २०५० को नियम ११६क. बमोजिमको पुरस्कारको लागि कुनै निजामती कर्मचारीको नाम सिफारिस गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछः–

(क) कुनै कार्यालय अन्तर्गतको निजामती कर्मचारीलाई सिफारिस गर्दा सम्बन्धित कार्यालय प्रमुखले निर्णय गरी प्रत्येक वर्षको फागुन मसान्तभित्र आफ्नो तालुक मन्त्रालय/ सचिवालय/आयोगमा सिफारिस गरी पठाउनु पर्ने,

(ख) विभागले सो विभागका कर्मचारी तथा विभाग अन्तर्गतका कार्यालयको कार्यालय प्रमुख पदमा कार्यरत निजामती कर्मचारीलाई सिफारिस गर्दा विभागको प्रमुखले निर्णय गरी प्रत्येक वर्षको फागुन मसान्तभित्र आफ्नो तालुक मन्त्रालय/सचिवालय/आयोगमा सिफारिस गरी पठाउनु पर्ने,

(ग) देहायको निजामती कर्मचारीलाई सिफारिस गर्ने प्रयोजनको लागि सम्बन्धित मन्त्रालय /सचिवालय/आयोगको विशिष्ट श्रेणीको अधिकृतले निर्णय गरी प्रत्येक वर्षको फागुन मसान्तभित्र छुट्टै सूची तयार गर्नु पर्नेः–

(१) सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगमा कार्यरत कर्मचारी,

(२) सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग अन्तर्गतको विभागको प्रमुख पदमा कार्यरत कर्मचारी,

(३) सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग अन्तर्गत रहेको तर कुनै पनि विभाग अन्तर्गत नरहेको कार्यालयको कार्यालय प्रमुख पदमा कार्यरत कर्मचारी, र

(४) सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग तथा अन्तर्गतको निकायमा कार्यरत कुनै कर्मचारीले आफू पुरस्कारको लागि योग्य भएको दावी गरी सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगमा नियम ११६क. को उपनियम (३) बमोजिमको आधार पूरा गरेको प्रमाणित हुने कागजात सहित फागुन मसान्तभित्र निवेदन दिएमा निवेदन दिने त्यस्तो कर्मचारी ।

(घ) सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगले खण्ड (क) र (ख) बमोजिम प्राप्त सिफारिस तथा खण्ड (ग) बमोजिम तयार गरेको सूचीमा परेको निजामती कर्मचारीमध्येबाट पुरस्कारको लागि सिफारिस गर्नु अघि देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः–

(१) खण्ड (क) र (ख) बमोजिम सम्बन्धित निकाय तथा पदाधिकारीबाट सिफारिस भई आएको तथा खण्ड (ग) बमोजिम तयार गरिएको सूचीमा परेको कर्मचारीको सम्बन्धमा प्रतिक्रिया वा उजूरी दिने प्रयोजनको लागि कम्तीमा तीस दिनको म्याद दिई त्यस्ता कर्मचारीको नाम चैत्र मसान्तभित्र सो मन्त्रालय/सचिवालय/आयोगको वेभसाइट र सूचना पाटीमा प्रकाशन गर्ने,

(२) उपखण्ड (१) बमोजिमको म्यादभित्र कुनै प्रतिक्रिया वा उजूरी प्राप्त भएमा त्यस्तो प्रतिक्रिया वा उजूरीको सम्बन्धमा सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगको विशिष्ट श्रेणीको पदाधिकारीले छानवीन गरी पुरस्कारको लागि उपयुक्त ठहरिएको निजामती कर्मचारीको नाम उपखण्ड (३) बमोजिमको संख्यामा नबढ्ने गरी पुरस्कारको लागि जेठ पन्ध्र गतेभित्र समिति समक्ष सिफारिस गर्नु पर्ने,

<u>स्पष्टीकरणः</u>- यस अनुसूचीको प्रयोजनको लागि "समिति" भन्नाले नियम ११६क. को उपनियम (२) बमोजिमको समिति सम्झनु पर्छ ।

(३) प्रत्येक मन्त्रालय/सचिवालय/आयोगले आफू अन्तर्गत रहेका सम्पूर्ण निजामती कर्मचारीहरु मध्येबाट देहायको संख्याका कर्मचारी पुरस्कारको लागि सिफारिस गरी पठाउनु पर्नेछः–

(क) १०० सम्म कर्मचारी भएकोमा १ जना,

(ख) १०१ देखि ७०० सम्म कर्मचारी भएकोमा २ जना,

(ग) ७०१ देखि १५०० सम्म कर्मचारी भएकोमा ४ जना,

(घ) १५०१ देखि २४०० सम्म कर्मचारी भएकोमा ६ जना,

(ङ) २४०१ देखि ३४०० सम्म कर्मचारी भएकोमा ८ जना,

(च) ३४०१ भन्दा बढी कर्मचारी भएकोमा १० जना ।

(४) काठमाडौं उपत्यका बाहिर समेत कार्यालय रहेको मन्त्रालय/सचिवालय/आयोगले पुरस्कारको लागि कर्मचारीको नाम सिफारिस गर्दा काठमाडौं उपत्यका बाहिरको कार्यालयमा कम्तीमा दुई वर्षदेखि कार्यरत कर्मचारीहरु मध्येबाट कम्तीमा पचास प्रतिशतको संख्यामा सिफारिस गर्नु पर्ने,

(५) पुरस्कारको लागि सिफारिस गर्दा कुन पुरस्कारको लागि सिफारिस गरिएको हो स्पष्ट खुलाई पठाउनु पर्ने,

(६) उपखण्ड (२) बमोजिम पुरस्कारको लागि समिति समक्ष सिफारिस गरिएको निजामती कर्मचारीको नाम सम्बन्धित मन्त्रालय/ सचिवालय/आयोगको वेभसाइट र सूचना पाटीमा प्रकाशन गर्ने ।

(ङ) नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा कार्यरत निजामती कर्मचारीको नाम पुरस्कारको लागि सिफारिस गरी पठाउँदा नेपाल सरकारको मुख्य सचिवले कुन पुरस्कारको लागि सिफारिस गरिएको हो सो कुरा स्पष्ट खुलाई जेठ पन्ध्र गतेभित्र समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

(च) समितिले जेठ मसान्तभित्र नियम ११६क.को उपनियम (१) बमोजिमको पुरस्कार पाउने कर्मचारीको नाम छनौट गर्नु पर्नेछ ।

(छ) समितिले असार पाँच गतेभित्र सर्वोत्कृष्ट निजामती सेवा पुरस्कारको लागि सिफारिस भएको तथा खण्ड (ङ) बमोजिम मुख्य सचिवले सिफारिस गरेको विशिष्ट श्रेणीको निजामती कर्मचारीको सम्बन्धमा प्रतिक्रिया तथा उजूरी गर्ने प्रयोजनको लागि कम्तीमा तीस दिनको म्याद दिई त्यस्तो कर्मचारीको नाम

सामान्य प्रशासन मन्त्रालयको वेभसाइट र सूचना पाटी लगायतका अन्य सञ्चार माध्यमद्वारा सार्वजनिक गर्नु पर्नेछ ।

(ज) खण्ड (छ) बमोजिमको म्यादभित्र प्रतिक्रिया वा उजूरी प्राप्त भएमा त्यस्तो प्रतिक्रिया वा उजूरीको सम्बन्धमा आवश्यक छानविन समेत गरी समिति आफैंले निर्धारण गरेको उपयुक्त माध्यम अपनाई पुरस्कार पाउने निजामती कर्मचारीको नाम छनौट गर्नु पर्नेछ ।

(झ) खण्ड (च) र (ज) बमोजिम पुरस्कारको लागि निजामती कर्मचारीको नाम छनौट गरिसके पछि समितिले त्यस्तो कर्मचारीको नाम नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष साउन मसान्तभित्र सिफारिस गर्नु पर्नेछ ।

२. समितिले पुरस्कारको लागि निजामती कर्मचारीको नाम सिफारिस गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

३. समितिले पुरस्कारको लागि निजामती कर्मचारीको नाम सिफारिस गरी पठाउने फाराम विकास गरी प्रत्येक मन्त्रालय/सचिवालय/आयोगमा पठाउनु पर्नेछ ।

निजामती सेवा दिवस, २०७३ को अवसरमा पुरस्कारको लागि सम्बन्धित निकायहरुबाट सिफारिश भई आएका कर्मचारीहरु मध्ये उल्लिखित समितिको सिफारिशका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद) बाट तपसिल अनुसारका जम्मा ४१ जना कमर्चारीहरुलाई विभिन्न किसिमका पुरस्कारहरु प्रदान गर्ने निर्णय भएको थियोः

### १. सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार

| सि. नं. | नाम | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १ | **शान्तराज सुवेदी** | सचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल |

### २. उत्कृष्ट निजामती सेवा पुरस्कार

| सि. नं. | नाम | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १ | **किरण पौडेल** | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| २ | **देवेन्द्र कार्की** | सहसचिव | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |
| ३ | **खगेन्द्र प्रसाद सुवेदी** | मुख्य मनोविज्ञान वेत्ता सहसचिव | लोक सेवा आयोग, काठमाण्डौ |

| | | | |
|---|---|---|---|
| ४ | गजेन्द्र वहादुर श्रेठ | उपमहालेखा नियन्त्रक | महालेखा नियन्त्रकको कार्यालय, अनामनगर |
| ५ | प्रदिपराज कणेल | उपसचिव | गृह मन्त्रालय |
| ६ | हुम बहादुर के सी | उपसचिव | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ७ | माधवप्रसाद लामिछाने | निर्देशक | महालेखा परीक्षकको कार्यालय, ववरमहल |
| ८ | हरि वावु पोखरेल | उपसचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल |
| ९ | गोकुल वस्नेत | उपसचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १० | कृष्ण वहादुर वोगटी | ईन्जिनियर | खानेपानी तथा सरसफाई कार्यालय, वझाङ्ग |

३. निजामती सेवा पुरस्कार

| सि.नं. | नाम | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १ | विसुकुमार के.सी | उपसचिव | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |
| २ | गणेश राय | जिल्ला वन अधिकृत | जिल्ला वन कार्यालय चितवन |
| ३ | अरुण कुमार झा | सि.डि.ई. | विद्युत विकास विभाग |
| ४ | अच्युत प्रसाद सिवाकोटी | निर्देशक | भन्सार विभाग |
| ५ | दामोदर गौतम | प्रमुख पुरातत्व अधिकृत | पुरातत्त्व विभाग |
| ६ | राजेन्द्र महतो | सि.डि.ई. | सिंचाई विकास डिभिजन, धादिङ्ग |
| ७ | दिपेन्द्र सुवेदी | उपसचिव | जिल्ला शिक्षा कार्यालय, गोरखा |
| ८ | गोमादेवी चेम्जोङ्ग | उपसचिव | सामान्य प्रशासन मन्त्रालय |
| ९ | विजु प्रधान | सि.डि.ई. मेटियोरोलोजिष्ट | जल तथा मौसम विज्ञान विभाग |
| १० | नारायण बहादुर कुवँर | उपसचिव | उपराष्ट्रपतिको कार्यालय |
| ११ | ईन्दिरा शर्मा | उप रजिष्टार | सर्वोच्च अदालत |
| १२ | डाल विक्रम कडेल | शाखा अधिकृत | संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय |
| १३ | दिपकप्रसाद देवकोटा | मेकानिकल ईन्जिनियर | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल |
| १४ | राजेश उप्रेती | शाखा अधिकृत | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |

| | | | |
|---|---|---|---|
| १५ | खड्ग वहादुर चौधरी | इन्जिनियर | शहरी विकास तथा भवन निर्माण विभाग डि.का., रुपन्देही |
| १६ | यादव पद्योयोती | कृषि अर्थ विज्ञ | कृषि विकास मन्त्रालय |
| १७ | दशरथ राई | शाखा अधिकृत | राष्ट्रपतिको कार्यालय |
| १८ | टेकराज भुसाल | शाखा अधिकृत | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल |
| १९ | शत्रुध्वन प्रसाद शर्मा पोखरेल | शाखा अधिकृत | UNO को लागी नेपालको स्थायी नियोग, न्यूयोर्क |
| २० | निरा अधिकारी | शाखा अधिकृत | महिला तथा वालवालिका विभाग |
| २१ | महेन्द्र प्रसाद यादव | नायब सुब्बा | जिल्ला अदालत, सप्तरी |
| २२ | रिता अधिकारी | नायब सुब्बा | जिल्ला अस्पताल, ईलाम |
| २३ | छत्र बहादुर मादेन | खरिदार | जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ |
| २४ | धुर्वराज पराजुली | खरिदार | जिल्ला विकास समितिको कार्यालय, गोरखा |
| २५ | पुष्पा भुसाल | सहायक महिला विकास निरीक्षक | महिला तथा वालवलिका कार्यालय, अर्घाखाँची |
| २६ | कृष्ण कुमारी श्रेष्ठ | खरिदार | घरेलु तथा साना उद्योग कार्यालय, चितवन |
| २७ | दिवाकर खनाल | हल्कारा | गोश्वारा हुलाक कार्यालय, सुन्धारा |
| २८ | भवानी प्रसाद उपाध्याय | हलुका सवारी चालक | भूमि सुधार तथा व्यवस्था मन्त्रालय |
| २९ | अम्विका गुरुङ्ग | कार्यालय सहयोगी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३० | शंकर साह | कार्यालय सहयोगी | क्षेत्रिय निर्वाचन कार्यालय, मोरङ |

### निजामती सेवा दिवस, २०७३ को मूल समारोह कार्यक्रम

"सेवामैत्री प्रशासनः संघीयतामा सुशासन" भन्ने मूल नाराका साथ तेह्रौं निजामती सेवा दिवस, २०७३ भव्य रुपमा मनाउने सन्दर्भमा सप्ताहव्यापी रुपमा विविध कार्यक्रमहरु गरी मिति २०७३ भाद्र २२ गतेका दिन मूल समारोह कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा सफलतापूर्वक सम्पन्न गरियो । मूल समारोहको कार्यक्रम प्रज्ञा भवनमा शुरु हुनु अघि उपत्यकास्थित सबै मन्त्रालय/आयोग/ सचिवालय/ कार्यालयका कर्मचारीहरु भृकुटीमण्डपमा जम्मा भई विहान ७.३० बजे नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीको नेतृत्वमा प्रभातफेरी कार्यक्रम मार्फत शूरु भएको थियो। भृकुटीमण्डपबाट शुरु भएको प्रभातफेरी विभिन्न मन्त्रालय/निकायहरुले आ-आफ्नो तोकिए

बमोजिमको नाराहरु सहितको प्लेकार्ड लिई क्रमशः शहीदगेट, सुन्धारा, रत्नपार्क, रानीपोखरी, जमल, घण्टाघर हुँदै प्रज्ञा भवन पुगेको थियो ।

प्रज्ञा भवनमा सम्पन्न मूल समारोहको कार्यक्रमको प्रमुख आतिथ्यता सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले गर्नु भएको थियो भने विशिष्ट अतिथिको रुपमा सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बूढाथोकी रहनु भएको थियो । नेपाल सरकारका मुख्यसचिव एवं मूल समारोह समितिका अध्यक्ष डा. सोमलाल सुवेदीले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, नेपाल सरकारका पूर्व मुख्यसचिवहरु श्री माधवप्रसाद घिमिरे एवं श्री दामोदरप्रसाद गौतम, उच्चस्तरीय प्रशासन सुधार अनुगमन समितिका अध्यक्ष काशीराज दाहाल लगायतको उपस्थिति रहेको थियो। त्यसैगरी कार्यक्रममा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिवहरु, विभागीय प्रमुखहरु, ट्रेड युनियनका पदाधिकारी एवं प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायत निजामती कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्दै सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईले निजामती कर्मचारीहरु सेवाग्राही नागरिक प्रति सदैव प्रतिवद्ध, उत्तरदायी, पारदर्शी र इमान्दार हुनु पर्नेमा जोड दिनु भयो । कार्यक्रममा आफ्नो मन्तब्य राख्दै सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बुढाथोकीले निजामती कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनलाई व्यवस्थित र वैज्ञानिक बनाउन तथा निजामती कर्मचारीहरुलाई कार्यसम्पादन र उपलब्धिको आधारमा पुरस्कृत र प्रोत्साहित गरिनेमा जोड दिनु भयो । वँहाले फरक क्षमता भएका, दृष्टिविहीन तथा वैवाहिक जोडीहरुलाई कानूनले मिलेसम्म माग गरे अनुसार नै पदस्थापन तथा सरुवा गर्न आवश्यक पहल गरिने बताउनु भयो । साथै मन्त्री बुढाथोकीले विगतमा गठन भएका विभिन्न प्रशासन सुधार सम्बन्धी आयोगहरुले सुझाएका सिफारिशहरुलाई संघीयता र प्रशासनको पुनःसंरचनाको सन्दर्भमा के-कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने सम्बन्धमा एउटा छुट्टै कार्यदल समेत बनाई कार्यारम्भ गरिनेछ भन्नु भयो । वहाँले निजामती सेवामा सूचना प्रविधिको प्रयोगमा जोड दिनुपर्ने आवश्यकतामाथि समेत जोड दिनु भयो ।

कार्यक्रममा प्रमुख अतिथिको मन्तब्य राख्नु हुँदै सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले नेपालको निजामती सेवा इतिहासको संगीन मोडमा उँभिएको बताउनु भयो । संघीय स्वरुप अनुसार निजामती सेवालाई विकेन्द्रीकरण गर्नु अहिलेको ठूलो चुनौती रहेको भन्दै वहाँले परिवर्तित समयका प्राथमिकता, माग र आवश्यकता अनुरुप राष्ट्र र जनताका हितमा केन्द्रित हुन सबै राष्ट्रसेवक निजामती कर्मचारीहरुलाई अनुरोध पनि गर्नु भयो । साथै वहाँले निजामती सेवाको काँधमा संविधान कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी आइलागेको पनि बताउनु भयो । संघीयता नेपालको सन्दर्भमा नितान्त नयाँ प्रयोग र अनुपम अवसर हो भन्दै प्रधानमन्त्रीले यस्ता अवसर इतिहासमा विरलैमात्र आउने हुँदा अत्यन्त जिम्मवारीपूर्ण रुपमा कर्तव्य पूरा गर्न निर्देशन समेत दिनु भयो । यसै सन्दर्भमा

प्रधानमन्त्रीले भन्नु भयो यसलाई राम्रोसँग उपयोग गर्न नजान्दा आउन सक्ने चुनौती पनि त्यत्तिकै छन् । वहाँले थप्नुभयो, आफ्नो अनुभव सीमित भएको पृष्ठभूमिमा अन्यत्रबाट सिक्नुपर्ने कुरा पनि प्रशस्त हुन सक्छन् । बाहिरबाट सिक्ने कुरा गर्दा हाम्रो वस्तुगत परिस्थिति र आवश्यकता अनुसार कसरी ढाल्ने भन्ने चुनौती पनि ठूलो छ । निजामती राष्ट्र सेवक र यसका राजनीतिक हिस्सेदारहरूको क्षमता बढाउन नेपाल सरकार प्रतिबद्ध रहेको हुँदा सम्पूर्ण निजामती कर्मचारीहरूलाई परिवर्तित समयका प्राथमिकता, माग र आवश्यकता अनुरुप राष्ट्र र जनताका हितमा केन्द्रित हुन अनुरोध पनि गर्नुभयो । प्रधानमन्त्रीले अगाडी भन्नुभयो, आवश्यक परेमा विधि र दस्तावेजहरूका मनसाय र शब्दका बीच सही र न्यायोचित ढङ्गबाट व्याख्या र ग्रहण गर्दै नेपाली समाजको रुपान्तरणमा सघाउ पुन्याइ सबै वर्ग, क्षेत्र, लिंग, जात, जाति, भाषा, भाषीको हित र मुलुकको सम्वृद्धिमा योगदान पुन्याउन पनि सबै निजामती कर्मचारीहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रमका अध्यक्ष नेपाल सरकारका मुख्यसचिव एवं निजामती सेवा दिवस, मूल समारोह समितिका अध्यक्ष डा. सोमलाल सुवेदीले सबै राष्ट्र सेवक कर्मचारीहरुलाई नागरिकको सेवामा अझ बढी दत्तचित्त भइ लाग्न निर्देशन दिनु भयो । साथै वहाँले निजामती सेवा दिवसको यस कार्यक्रममा पाल्नुहुने सम्माननीय प्रधानमन्त्री, माननीय सामान्य प्रशासन मन्त्री, लोक सेवा आयोगका माननीय अध्यक्ष, पूर्व मुख्यसचिवहरु लगायत सबै उपस्थित महानुभावहरुलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रममा माननीय सामान्य प्रशासन मन्त्रीज्यूबाट "**हत्केलामा निजामती कर्मचारीको अभिलेख सेवा (Civil Service On Palm)**" नामक मोबाइल एप्सको सार्वजनिकीकरण गरिएको थियो ।

कार्यक्रमको संचालन सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री सुप्रभा ढुङ्गेल (खनाल) ले गर्नु भएको थियो ।

## निजामती सेवा दिवस, २०७३ को अवसरमा सम्मान तथा पुरस्कार वितरण कार्यक्रम

तेह्रौं निजामती सेवा दिवस, २०७३, "**सेवामैत्री प्रशासनः संघीयतामा सुशासन**" भन्ने मूल नाराका साथ भब्य रुपमा मनाउने सन्दर्भमा मिति २०७३ असोज १२ गते उक्त अवसरमा सम्मानित हुनुहुने सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान प्रदान गर्ने तथा निजामती सेवा दिवसको अवसरमा आयोजित निबन्ध प्रतियोगिता र विभिन्न खेल प्रतियोगिताका बिजयी निजामती कर्मचारीहरुलाई पुरस्कार वितरणको कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमको अध्यक्षता नेपाल सरकारका मुख्यसचिव एवं निजामती सेवा दिवस मूल समारोह समितिका संयोजक डा. सोमलाल सुवेदीले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बुढाथोकी रहनु भएको थियो । नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायका सचिवहरु, सेवा निवृत्त राष्ट्र सेवकहरु,

ट्रेड यूनियनका प्रतिनिधिहरु लगायत निजामती कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यममा उपस्थित महानुभावहरुलाई सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईले स्वागत गर्नु भएको थियो ।

